# भीमेश्वर प्रतिबद्धता पत्र, २०८३

**प्रस्तावना:**

नेपाल नगरपालिका संघ अन्तर्गत महिला विभागको बैठकमा सहभागी हामी महिला जनप्रतिनिधिहरू, नेपालको संघीय लोकतान्त्रिक प्रणाली अन्तर्गत स्थानीय तहको भूमिकालाई थप प्रभावकारी बनाउँदै लैङ्गिक समानता, न्यायमा पहुँच, तथा समावेशी विकास सुनिश्चित गर्ने उद्देश्यले भीमेश्वर नगरपालिका, दोलखामा मिति २०८३ बैशाख १२ गते बसेको महिला विभागको बैठकमार्फत निम्न प्रतिबद्धताहरू व्यक्त गर्दछौं।

१. हामी महिला जनप्रतिनिधिहरूको नीति निर्माण, बजेट विनियोजन तथा कार्यान्वयन प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नेतृत्व विकास, मेंटरिङ तथा संस्थागत समर्थन प्रणाली विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

२. हामी स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेटलाई परिणाममुखी बनाउन न्यूनतम मापदण्ड विकास र कार्यान्वयन गर्ने तथा यस सम्बन्धमा संघीय र प्रादेशिक तहसँग समन्वय गरी एकरूपता कायम गर्ने प्रतिबद्धता गर्दछौं।

३. हामी न्यायिक समितिको कार्यसम्पादन सुधारका लागि आवश्यक क्षमता अभिवृद्धि, प्राविधिक सहयोग, अभिलेख व्यवस्थापन तथा कानुनी स्पष्टता सुनिश्चित गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने प्रतिबद्धता जनाउँछौं।

४. हामी महिला तथा बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा अन्त्य गर्न शून्य सहनशीलताको नीति अवलम्बन गर्दै स्थानीय तहमा प्रहरी, न्यायिक समिति, स्वास्थ्य संस्था तथा सेवा प्रदायकबीच एकीकृत समन्वय प्रणाली विकास गर्ने प्रतिबद्धता गर्दछौं।

५. हामी महिला जनप्रतिनिधिहरूका सफल अभ्यासहरूको दस्तावेजीकरण, डिजिटल प्लेटफर्ममार्फत आदानप्रदान तथा विस्तार गर्दै नवप्रवर्तनमूलक पहलहरूलाई प्रोत्साहन गर्ने प्रतिबद्धता गर्दछौं।

६. हामी महिला विभागलाई नियमित, सक्रिय र परिणाममुखी बनाउँदै साझा कार्ययोजना, त्रैमासिक समीक्षा प्रणाली र राष्ट्रिय स्तरमा नीति वकालत गर्ने प्रभावकारी प्लेटफर्मका रूपमा विकास गर्ने प्रतिबद्धता गर्दछौं।

७. हामी स्थानीय, प्रादेशिक र संघीय तहबीच प्रभावकारी समन्वय स्थापित गर्दै महिला सशक्तीकरण, सामाजिक न्याय तथा सेवा प्रवाहका विषयमा सहकार्य विस्तार गर्ने प्रतिबद्धता गर्दछौं।

८. हामी यस प्रतिबद्धता पत्रको कार्यान्वयन सुनिश्चित गर्न स्पष्ट सूचकसहित अनुगमन तथा मूल्यांकन प्रणाली विकास गर्ने, प्रगति सार्वजनिक गर्ने तथा नागरिकप्रति उत्तरदायी रहने प्रतिबद्धता गर्दछौं।

९. हामी नेपालको संविधानद्वारा सुनिश्चित महिला अधिकारहरूको पूर्ण र प्रभावकारी कार्यान्वयनका लागि संघीय, प्रादेशिक तथा स्थानीय सबै तहका सरकारसमक्ष आवश्यक कानुनी, नीतिगत तथा संस्थागत सुधार गर्न जोडदार माग गर्दछौं। साथै, यी अधिकारहरूको व्यवहारिक सुनिश्चितताका लागि पर्याप्त स्रोत व्यवस्थापन, कार्यान्वयन संयन्त्र सुदृढीकरण तथा उत्तरदायित्व प्रणाली विकास गर्न विशेष पहल गर्न आह्वान गर्दछौं।

१०. हामी स्थानीय तह लगायत राज्यको सवै तहका सरकारकामा अनिवार्य ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न सम्वद्ध निकाय समक्ष अनुरोध गर्दछौ।

**सहभागी पदाधिकारीहरु**

| सि.नं. | नाम | पद | नगरपालिका | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | सुशिला शाही | संयोजक | प्रमुख, लम्कीचुहा नगरपालिका | |
| २ | कमला बस्नेत | सह-सयोजक | उप-प्रमुख, भिमेश्वर नगरपालिका | |
| ३ | तारा कुमारी काजी महतो | सदस्य | प्रमुख, माडी नगरपालिका | |
| ४ | कृष्ण कुमारी पोख्रेल निरौला | सदस्य | उप-प्रमुख, लेटाङ नगरपालिका | |
| ५ | जगेश्वर देवी चौधरी | सदस्य | उप-प्रमुख, तिलोत्तमा नगरपालिका | |
| ६ | विना कुमारी भट्टराई | सदस्य | उप-प्रमुख, ठाकुरबाबा नगरपालिका | |
| ७ | सीता थापा | सदस्य | उप-प्रमुख, चौतारा साँगाचोकगढी नगरपालिका | |
| ८ | तुलसा कुमारी पाण्डे | सदस्य | उप-प्रमुख, गणेशमान चारनाथ नगरपालिका | |
| ९ | लक्ष्मी महर्जन | सदस्य | उप-प्रमुख, महालक्ष्मी नगरपालिका | |
| १० | गुलिया कुमारी चौधरी | सदस्य | उप-प्रमुख, घोडाघोडी नगरपालिका | |
| ११ | लक्ष्मी योगी | सदस्य | उप-प्रमुख, लमही नगरपालिका | |
| १२ | पुर्णकला चौधरी | सदस्य | उप-प्रमुख, मध्यविन्दु नगरपालिका | |
| १३ | हेमा न्यौपाने तिमिल्सीना | सदस्य | उप-प्रमुख, गल्याङ नगरपालिका | |
| १४ | रेगिना भट्टराई प्रसाई | सदस्य | उप-प्रमुख, दमक नगरपालिका | |
| १५ | मनकला कुमारी चौधरी | सदस्य | उप-प्रमुख, राजापुर नगरपालिका | |
| १६ | रहिमा खातुन | सदस्य | उप-प्रमुख, सबैला नगरपालिका | |
| १७ | लक्ष्मी कुमारी श्रेष्ठ यादव | सदस्य | उप-प्रमुख, कर्जन्हा नगरपालिका | |